त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र संकाय
**विश्वभाषा क्याम्पस**
प्रदर्शनी मार्ग, काठमाडौं, नेपाल ।

Translated Copy Invalid Unless it is Accompanied by the Original Document

प.सं.
च.नं २६२२/०६९

२०६९/३/१५

नेपाल धिद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देसनालय

जिन्सी व्यवस्थापन महाशाखा

रत्नपार्क काठमान्डौ

विषय: अनुवाद संबन्धमा

उपरोक्त संबन्धमा त्यस कार्यालयबाट प्राप्त अंग्रेजी भाषा का कागजाजहरुलाई संबन्धित भाषाका प्राध्यापक बाट  नेपालीमा अनुवाद गरी पठाइएको ब्यहोरा जानकारी गराइन्छ।

(वामदेव अधिकारी)

क्याम्पस प्रमुख
CAMPUS CHIEF
Campus of International Languages

Tel: 4226713, 4228916, Fax: 977-1-4255738, E-mail: bishwabiva@wlink.com.np, htt://www.bishwobhasa.edu.np

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र संकाय
विश्वभाषा क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं, नेपाल ।

Translated Copy Invalid Unless it is Accompanied by the Original Document

प.सं. २६२२/०६९
च.नं

२०६९/३/१५

विधुत प्रसारण उर्जा र उर्जा सामार्थ्य परियोजना

वातावरणिय तथा सामाजिक व्यवस्थापन सम्बन्धि संरचना

कार्यसञ्चालक सम्वन्धी संक्षिप्त परिचय :

नेपाल एक भू-परिवेष्ठित देश हो । त्यसैले विकासमा हाम्रो देशले थुप्रै चुनौतीहरूको सामना गर्नु परिरहेको छ । विश्वका अति गरिब मुलुकहरुमा नेपाल पर्दछ जसको वार्षिक **G.D.P. US 619** छ । सन् **2011** को तथ्याङ्क अनुसार २५% नेपाली जनता अर्न्तराष्ट्रिय गरीविको रेखामुनि छन् । नेपालीहरूको प्रति दिन आय करीव १.२५ डलर रहेको छ । नेपालले दशक लामो शसस्त्र द्वन्द तथा राजनैतीक संक्रमणमा गुज्रिएको भएतापनि गरीबी न्युनिकरण तथा मानव विकासमा उदाहरणिय विकास गरेको छ । आर्थिक विकासमा एउटा प्रमुख भूमिका उर्जाको क्षेत्रले खलेको छ । नेपाल विशाल जल शक्तिको भण्डार भएको मुलुक हो । जल शक्तिको संभाव्य क्षमता करीव ८४००० मेघावाट रहेको छ भने हालसालैको तथ्याङ्क अनुसार पूँजीको अभावमा नेपालले खेर गईरहेको जल शक्ति लाई आर्थिक रुपले ४३००० मेघावाट मात्रै प्रयोगमा ल्याई नेपाली जनताले यसको उपभोग गरिरहेका छन् । तर जुलाई १३ मा भएको आँकडा अनुसार जल शक्ति उत्पादन क्षमता ७४६ मेगावाट जडित छ । जसमा ७०४ मेघावाट विद्युत प्रसारणमा आएको देखिन्छ । सुख्खा मौसममा लोडसेडिङ्ग करीव १८ घण्टासम्म पुग्ने गर्दछ । उर्जाको माग र आपूर्तिलाई दृष्टिगत गरी हेर्दा तत्काले वैकल्पिक उर्जाको खोजी गर्नु पर्ने टड्कारो आवाश्यकताको रूपमा देखिन्छ ।

औषतमा नेपालको प्रतिदिन शौर्य किरण करीव ३.६देखि ६.२ **KWh/m** को फरकमा छ । सन् २००८ जुलाईमा गरिएको अबलोकन अनुसार घाम लाग्ने समय भनेको ३०० दिन रहेको छ । शौर्य तथा वायु उर्जालाई विद्युतिय प्रसारणमा जोड्न

Tel: 4226713, 4228916, Fax: 977-1-4255738, E-mail: bishwabiva@wlink.com.np, htt://www.bishwobhasa.edu.np
CAMPUS CHIEF
Campus of International Languages

Translated Copy Invalid Unless it is Accompanied by the Original Document

Campus of International Languages, Faculty of Humanities & Social Sciences

## विधुत प्रसारण उर्जा र उर्जा सामार्थ्य परियोजना
## वातावरणिय तथा सामाजिक व्यवस्थापन सम्बन्धि संरचना

कार्यसञ्चालक सम्वन्धी संक्षिप्त परिचय :

नेपाल एक भू-परिवेष्ठित देश हो । त्यसैले विकासमा हाम्रो देशले थुप्रै चुनौतीहरूको सामना गर्नु परिरहेको छ । विश्वका अति गरिब मुलुकहरुमा नेपाल पर्दछ जसको वार्षिक **G.D.P. US 619** छ । सन् **2011** को तथ्याङ्क अनुसार २५% नेपाली जनता अर्न्तराष्ट्रिय गरीविको रेखामुनि छन् । नेपालीहरूको प्रति दिन आय करीव १.२५ डलर रहेको छ । नेपालले दशक लामो शसस्त्र द्वन्द तथा राजनैतीक संक्रमणमा गुज्रिएको भएतापनि गरीबी न्युनिकरण तथा मानव विकासमा उदाहरणिय विकास गरेको छ । आर्थिक विकासमा एउटा प्रमुख भूमिका उर्जाको क्षेत्रले खलेको छ । नेपाल विशाल जल शक्तिको भण्डार भएको मुलुक हो । जल शक्तिको संभाव्य क्षमता करीव ८४००० मेघावाट रहेको छ भने हालसालैको तथ्याङ्क अनुसार पूंजीको अभावमा नेपालले खेर गईरहेको जल शक्ति लाई आर्थिक रुपले ४३००० मेघावाट मात्रै प्रयोगमा ल्याई नेपाली जनताले यसको उपभोग गरिरहेका छन् । तर जुलाई १३ मा भएको आँकडा अनुसार जल शक्ति उत्पादन क्षमता ७४६ मेगावाट जडित छ । जसमा ७०४ मेघावाट विद्युत प्रसारणमा आएको देखिन्छ । सुख्खा मौसममा लोडसेडिङ्ग करीव १८ घण्टासम्म पुग्ने गर्दछ । उर्जाको माग र आपूर्तिलाई दृष्टिगत गरी हेर्दा तत्कालै वैकल्पिक उर्जाको खोजी गर्नु पर्ने टड्कारो आवाश्यकताको रूपमा देखिन्छ ।

औषतमा नेपालको प्रतिदिन शौर्य किरण करीव ३.६देखि ६.२ **KWh/m** को फरकमा छ । सन् २००८ जुलाईमा गरिएको अवलोकन अनुसार घाम लाग्ने समय भनेको ३०० दिन रहेको छ । शौर्य तथा वायु उर्जालाई विद्युतिय प्रसारणमा जोड्न

CAMPUS CHIEF
Campus of International Languages

Translated Copy Invalid Unless it is Accompanied by the Original Document

सकिने आर्थिक सम्भावना किरण (१०) मेघावाट रहेको छ । शौर्य उर्जा प्रणाली सजिलो र छिटै प्रयोगमा ल्याउन सकिने प्रणाली हो । त्यसैले नेपालका विभिन्न ठाउँमा यसको लोकपृयता बढेको छ । GON को रणनीति संगै शौर्य उर्जा जडान सम्वन्धी प्रस्तावित नमूना कार्यक्रम जसलाई वैकल्पिक उर्जाकोरूपमा उत्पादन गर्ने कार्यक्रमलाई विश्व बैंकले आर्थिक सहयोग गर्ने सोच देखाएको छ । यस सन्दर्भमा NEA ले काठमाडौं वरिपरिका केही स्थानहरूलाई संभावित ठाउँको रूपमा छनौट गरेको छ । जसमा कुलेखानी १ र २, सुनकोशी, पनौती, सुन्दरीजल, फर्पिङ्ग, त्रिसुली आदि रहेका छन् । जग्गा र स्थानको स्वामित्व ग्रहण NEA ले लिएको छ तापनि NEA व्यवस्थापनको कमजोरीको कारण यसका कुनै स्थानमा वाह्य अतिक्रमण भएको छ ।

सौर्य शक्ति कार्य क्षमता तथा शौर्य विद्युत प्रसारण विकास GSEEP को उद्देश्यहरू तल उल्लेख गरिए अनुसार छन् :-

(१) शौर्य फार्ममा जडित विद्युत प्रसारण क्षमता विकास गर्ने ।

(२) नमूना प्रशारण केन्द्रहरूमा NEA को वितरणको हानी नोक्सानीलाई घटाउनु ।

(३) GSEEP को कार्यान्वयन निकाय NEA हुनेछ ।

(४) NEA को एउटा व्यवस्थापन ईकाई गठन गरिने छ ।

(५) परियोजना प्रवन्धको नियुक्ति भईसकेको छ ।

(६) PMU को आवश्यकिय प्राविधिक कर्मचारी तथा अधिकारिको नियुक्ति गरिनेछ ।

(७) संस्थाको संरचनाको पूर्ण विवरण, परियोजना तयार पार्ने समयमा अन्तिम टुङ्गो ।

पहिचान तथा छनौट गरिएका स्थानहरुका आधारमा छनौट गरिएका नमूना कार्य स्थलहरू लाई सिमित पार्ने वा प्रभाव पार्ने कारक तत्व भनेका आसातित, निर्दिष्टवातावरण सामाजिक तथा साँस्कृतिक हुन । निश्चित प्रकारका परियोजना सम्वन्धी क्रियाकलापको परिभाषा गर्न अझै बाँकी छ । त्यसैले प्रकृति तथा मापनको प्रभाव कस्तो रहनेछ भन्ने बारे पछि बाट थाहा लाग्नेछ । शौर्य फार्मको स्थानहरुको तथ्यहरू वाहेक परियोजनाभित्र समुदाय र बस्तीहरू र यसको परिवेश समावेश गरिनेछ । यसको योजना निर्माणका कार्यकलाप, ढाँचा आदिको लागि सुरक्षा सम्वन्धी दस्तावेज र निर्देशक दस्तावेजहरुले कार्य गर्नेछ ।

CAMPUS CHIEF
Campus of International Languages

Translated Copy Invalid Unless it is Accompanied by the Original Document

निर्देशक दस्तावेज परियोजना निर्माण र कार्यान्वयनका विभिन्न अवस्था, वातावरण र सामाजिक व्यवस्थापनका सिद्धान्तहरूलाई एक-आपसमा समाजस्य गरि मिलाई लैजाने कार्यमा सहयोग पुर्याउनेछ । यसै सन्दर्भमा वातावरणीय र सामाजिक व्यवस्थापन सम्वन्धी रूपरेखा **GSEEP** को लागि तयार पारिएको छ ।

<u>परियोजना क्षेत्रको सर्वेक्षण</u> :

शौर्य फार्मको सम्भावित स्थलहरूको छनौट गर्ने कार्य **NEA** ले गरेको छ । साथै यसको आधिकारिक अध्ययन संयुक्तरूपमा विश्व बैंक र **NEA** ले गरेको छ । **ESMF** को तयारी पूर्व नै यी सम्भावित स्थलहरू प्रारम्भिक वातावरणीय र सामाजिक मूल्याङ्कनका विषय-बस्तुहरू हुन । यी सम्भावित स्थलहरू मध्यमाञ्चल विकास क्षेत्र अर्न्तगत काठमाडौं तथा काठमाडौं वरिपरिका स्थलहरू जस्तै :- मकवानपुर, नुवाकोट, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाहरू रहनेछन् । सबै संभावित स्थलहरू **NEA** को स्वामित्व रहेको जमिनभित्र रहेका छन् ।

**NEA** को २०१४ मा लिईएको भूमि सम्वन्धी सर्भेक्षणको मूल्याङ्कन अनुसार संभावित स्थलहरू प्राय : समथर तथा दक्षिण मोहडा भएका क्षेत्रहरू छन् । तैपनि प्रारम्भिक **ESMF** को तयारी सर्भेक्षण अनुसार **NEA** को स्वामित्व रहेको संभावित स्थलहरूको क्षेत्रफल बढी नै देखा परेको छ । यी स्थलहरू प्राय : ग्रामिण स्थलहरूमा अवस्थित छन् । तर त्रिसुली र सुन्दरीजल जस्ता स्थलहरू विकसित र सहरी क्षेत्रमा पर्दछन् ।

सबै स्थलहरू राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण क्षेत्रभन्दा बाहिर रहेका छन् । सुन्दरीजल, शिवपुरी, नागार्जुन राष्ट्रिय निकुञ्ज संरक्षित क्षेत्रभन्दा ५ किलोमिटर टाढा छ । त्यस्तै अन्य स्थलहरू राष्ट्रिय निकुञ्जभन्दा ३० किलोमिटर टाढा छन् । गुगलमा चित्रित भएका भू परिदृश्य, प्रयोगमा ल्याईएको जमिन, निर्माण भएका संरचनाहरू र बसोबासहरू प्रस्तावित स्थलभित्र र बाहिर देखा परेका छन् । माथि उल्लेखित चित्रहरूले प्रस्तावित स्थलहरूको भू स्वरूपको चित्रण गरेको छ । जस्तै जंगल, वनस्पतीले ढाकेको क्षेत्र, यसको वितरण र सामाजिक वातावरण (बसोबासका स्वरूप, कृषि अर्थतन्त्रको प्रयोग आदि)

CAMPUS CHIEF
Campus of International Languages

Translated Copy Invalid Unless it is Accompanied by the Original Docu

## व्यवस्थापन तथा कानूनी संरचना :

GSEEP अन्तर्गतका सम्पूर्ण लगानीहरू, प्रस्तावित क्रियाकलापसँग सान्दर्भिक कानून, नीति नियम र GON को आदेश अनुरूप हुनुपर्दछ । GSEEP को प्रस्तावित लगानी र यस अन्तर्गत गरिने कार्यान्वयन सम्वन्धी विषयलाई NEA र सम्वन्धित विभागले यसको सान्दर्भिकतालाई सुव्यवस्थित गर्नेछ । कानूनी संरचना, नीति नियम चाहे राष्ट्रिय, जिल्ला स्तरीय वा नगरपालिका वा गा.वि.स. सम्म होस्, सबै संग एकरूपता कायम हुनुपर्दछ । साथसाथै यसका क्रियाकलपाहरू विश्व बैंकको कार्यान्वयन नीति तथा मार्गदर्शन संग एकरूपता कायम रहेको अवस्थाको सुनिश्चितता गर्नुपर्दछ । यो परिच्छेद कानूनको प्रासाङ्गीताको बारेमा कानूनी सिद्धान्त होईन तर पनि यसले विद्यमान परियोजनाको सन्दर्भमा विभिन्न कानून र नीति नियम लागू गर्नका लागि एउटा मार्गदर्शकको रूपमा कार्य गर्ने छ ।

विश्व बैंकको वातावरणीय मूल्याङ्कन ढाँचा अनुसार बैंकको परियोजना चक्रको शुरूवात कार्यसंग सम्वन्धित वातावरणमा पर्न जाने संभावित नकारात्मक प्रभावलाई पहिचान गर्न, हटाउन र कम गर्नको लागि प्रयोगमा ल्याईन्छ । यो नीतिले के कुरालाई बताउँछ भने वातावरणीय मूल्याङ्कन तथा यससंग सम्वन्धित सबै परियोजनाहरू लाई वातावरणमा पर्न जाने खराव प्रभावलाई न्युनिकरण वा रोकथामका लागि आवश्यक देखिन्छ ।

यो मूल्याङ्कनले बैकल्पिक ढाँचा र स्थानहरूको विश्लेषण तथा परियोजनाको विकल्प छैन भन्ने कुरालाई बताउँदछ । यो कुरा स्पष्ट छ की विश्व बैंकले लगानी गरेका योजनाहरूमा वातावरणीय मूल्याङ्कनले निर्णय गर्ने प्रक्रियालाई सुधार गर्नुका साथै परियोजनाका विकल्पहरू सोच्न सकिने छन् साथै सही र टिकाउ हुने खालका छन् भन्ने कुरालाई सहज पार्दछन् , जसले गर्दा यस परियोजनाबाट प्रभावित व्यक्तिहरूलाई उचित ढंगले राय सल्लाह पुऱ्याउन सकियोस् र उनीहरूका चासोहलाई राम्ररी सम्वोधन गर्न सकियोस् ।

## संभावित वातावरणीय तथा सामाजिक प्रभाव र तिनीहरूको व्यवस्थापन :

GSEEP को परियोजनालाई B वर्गमा राखिएको छ । किनकी सिमित प्रकारको प्रतिकूल वातावरणीय प्रभावलाई मध्यनजर राखेर यस खालको प्रभावलाई न्युनिकरण गर्ने कार्य, परियोजना स्थलहरू सजिलै समस्याहरूलाई संवोधन गर्न सकिने र रद्द गर्न पनि सकिने उपायहरू अपनाईनेछ । संवेदनशिल पर्यावरणीय स्थलहरूमा GSEEP को कार्यस्थलहरू

CAMPUS CHIEF
Campus of International Languages

Translated Copy Invalid Unless it is Accompanied by the Original Document

राखिने छैनन् साथसाथै ऐतिहासिक, प्राकृतिक महत्वका स्थानहरूमा समेत यी योजनाहरू लागू गरिंदैन । **NEA** को स्वामित्वमा रहेका तथा प्रयोगमा नआएका जमिनमा मात्र शौर्य फार्महरू राखिने छन् । परियोजना स्थलमा प्राकृतिक शौर्य उर्जाको उत्पादन गर्ने तथा **GSEEP** ले कुनैपनि प्रतिकूल वातावरणीय तथा सामाजिक प्रभाव निर्माणको समयमा कार्यान्वयन हुने छैन भने विषयको सुनिश्चितता गर्नेछ ।

मुख्य परियोजनाको प्रभावहरूमा साना बोट-विरूवाहरूको फडानीगर्नु, फोहरमैलाको व्यवस्थापन कार्यान्वयन, मजदुरहरूको व्यवस्थापनहरु हुन । धेरैजसो यस खालको प्रभावहरू निर्माण अवधिमा सिमित र अस्थाई प्रकारका हुन्छन् । दृष्टिगत उपयोगिता वाहेक **GSEEP** को निर्माण अवधिमा प्रतिकूल प्रभाव न्युन रहन जान्छ ।

राष्ट्रिय विद्युत प्रसारणमा नवीकरण गर्न सकिने उर्जाको वातावरणीय तथा आर्थिक फाईदाहरू यहाँ समावेश गरिएको छ ।

(१) यो उर्जा उत्पादन गर्दा हरित गृहको प्रतिकूल प्रभाव रहँदैन । साथै वायु प्रदुषणलाई कम पार्दछ ।
(२) उर्जा वितरणलाई विस्तारित गरी उर्जाको पर निर्भरतालाई कम गराउँछ ।
(३) आर्थिक विकासको निर्माण गरी रोजगार श्रृजना गर्न मद्दत पुऱ्याउँछ ।

सम्भावित प्रतिकूलअसरहरू र यसलाई न्युनिकरण गर्ने उपायहरूको बारेमा तलका वातावरणीय र सामाजिक प्रभाव अन्तर्गत ३ वटा शीर्षकमा छलफल गरिनेछ । जसमा निर्माण पूर्वको योजना अवधि, निर्माण अवधि र कार्यान्वयन तथा स्याहार संभार अवधि रहेका छन् ।

निर्माण पूर्वको योजना अवधि भन्नाले परियोजना लागू गर्नुभन्दा पहिले जति वेला योजना निर्माण गरिंदै गरेको अवस्थालाई जनाउँछ । यसले योजना बनाउनेलाई परियोजना निर्माण गर्दा संभावित प्रतिकूल प्रभाव हटाउन प्राविधक विवरण , प्रतिज्ञा पत्रको अभिलेख तयार पार्न सजिलो पार्दछ । निर्माणको अवधि भन्नाले कारवाही अगाडी बढाउने सूचना ठेकेदारलाई जारी गर्न र काम पूरा गरेको प्रमाण-पत्र प्रमाणित गर्ने वेलासम्मको अवस्थालाई जनाउँछ । ठेकेदारले **EMP** को योजना र प्राविधिक विवरण मुताविक परियोजनाको कार्य अगाडी बढाउनेछन् । **MPWU** ले कार्यान्वयन तथा रेखदेख अवधि , परियोजना परामर्शको प्रमाण-पत्र प्रमाणित गरेको समयदेखि परियोजनामा २० वर्ष समाप्ती सम्मको अवधिलाई जनाउँछ ।

CAMPUS CHIEF
Campus of International Languages

Translated Copy Invalid Unless it is Accompanied by the Original Document

**GSEEP** को विशेष [stamp] योजनाहरूको केही सिमित प्रतिकूल वातावरणीय प्रभाव अल्पकालीन अवधिका लागि हुन सक्छन् । प्रतिकूल तथा नकारात्मक वातावरणीय सम्वन्धी मुद्दाहरूलाई न्यूनिकरण गर्ने उपायहरु कार्यक्रम कार्यान्वयन पूर्वको अवधि, निर्माण कार्यान्वयन र सम्भारको अवधिमा आवश्यक पर्दछन । अति जोखिमपूर्ण कृयाकलाप र स्थानहरूलाई अयोग्यताको सूचीबाट हटाउनु पर्दछ । नकारात्मक सुची जस्तै : **PCBs** लाई विद्युत परिणाम मापकमा प्रतिवन्ध लगाईएको छ भने प्रभावशाली उर्जा सञ्चालन कार्यक्रमलाई सिफारिस गरिएको छ । **NEA** को क्षेत्रभित्र रूख फडानी गर्दा पनि जिल्ला वन कार्यालयबाट अनुमति लिएर कति रूख काटिए भन्ने प्रतिवेदन राख्नु पर्दछ ।

कार्य स्थलको विशेष शुरूवाती अवस्थामा प्रत्येक लघु परियोजनाको वातावरणको मूल्याङ्कन र वातावरणीय व्यवस्थापन सम्वन्धी योजनाको पूर्ण विवरण तयार गरिने छ । परियोजना निर्माणमा होहल्ला, धूलो-धुँवा र ग्याँस प्रशस्त हुन्छ साथै सानो मात्रामा फोहरमैला नाली ढल पनि उत्पन्न हुन जान्छ । तैपनि यिनको प्रभाव परियोजना निर्माणको दाँजोमा त्यति धेरै महत्वपूर्ण हुने छैनन । ठूलो परिणाममा बनाईने शौर्य उर्जाले अगाडी देखिने दृश्यहरू छेक्ने भएकोले परियोजनाको तयार गर्दा यी कुराहरूलाई पनि विशेष ध्यान दिईने छ ।

संभावित परियोजनाहरू धेरै जनसंख्या भएका स्थान र अगाडीको दृश्यहरू पूरै छेकिने अवस्थालाई वेवास्ता गरिनु हुँदैन । सामाजिक प्रभावहरू त्यति धेरै पर्ने छैनन् । किनकी समुदायको वरिपरिका क्षेत्रहरूमा परियोजनाहरू सञ्चालन गर्न प्रतिवन्धित गरिएको हुन्छ । जमिनको अधिग्रहण गरिने छैन । विषेश गरी प्राकृतिक वासस्थानलाई संरक्षण गरिन्छ । शौर्य कार्यहरू **NEA** को स्वामित्व रहेको जमिनमा सञ्चालन गरिनेछ । सकेसम्म प्रतिकूल प्रभावहरूलाई हटाउनका लागि अतिक्रमण क्षेत्रलाई रोकिनेछ । सामाजिक मूल्याङ्कनको क्रममा आदिवासीहरूको समुदायलाई पनि ध्यानमा राखी प्रतिकूल प्रभावहरूलाई रोक्ने कार्यमा ध्यान पुऱ्याइनेछ ।

<u>वातावरणीय तथा सामाजिक मूल्याङ्कन र व्यवस्थापन</u> :

सामाजिक तथा वातावरणीय समस्यालाई परियोजनाको पहिचान तथा सञ्चालन गर्नु पूर्व नै राम्ररी ध्यानमा राखेर गरिनेछ । सामान्यतया परियोजनाको निर्माण जनताको माग अनुसार गराईने प्रचलन छ । यो राम्रो कुरा पनि हो तर कहिलेकाँही परियोजनाहरू सञ्चालन गर्दा वातावरणीय तथा सामाजिक दुरगामी प्रतिकूल असरपर्न जाने पनि हुन्छ

Campus Chief
Campus of International Languages

Translated Copy Invalid Unless it is Accompanied by the Original Docume

। **GSEEP** अन्तर्गतका लघु योजनाहरूको पहिचान तथा योजनाहरू बनाउँदा सम्भावित बैकल्पिक उपायहरूको राम्ररी जाँच पडताल र परीक्षण गरेर मात्र अगाडि बढाउनु पर्दछ । परियोजना व्यवस्थापन ईकाई **PMU** ले वातावरणीय र सामाजिक स्थानहरू सम्वन्धी जानकारी संकलन गर्ने, सम्भावित लाभ लिनेहरूको पहिचान गर्नुका साथै संभावित सामाजिक तथा वातावरणीय सुझावको बैकल्पिक उपायहरूको मूल्याङ्कन गर्ने कार्य गर्दछ । सर्वसाधारणलाई यस परियोजनाको सामाजिक तथा वातावरणीय प्रभावका बारेमा सचेत बनाउनु पर्दछ ।

योजना सञ्चालन गराउनु पूर्व **GSEEP** ले उपलब्ध गराउने छुट्टाछुट्टै बजेट लगानीलाई वातावरणीय तथा सामाजिक छनौट मूल्याङ्कन पद्धतिका लागि पनि छुट्याउनु पर्दछ । छनौट गर्ने पद्धतीले वातावरणीय तथा सामाजिक तह र जाँचलाई स्थापित गर्दछ ।

छनौट प्रक्रियाले सम्भावित वातावरणीय र सामाजिक विषयसंग सम्वन्धित मुद्दाहरूलाई पहिचान गराउछ, साथै आवश्यकता अनुसार थप जाँच पडतालको लागि पनि सूचित गराउँछ । **GSEEP** बाट सञ्चालित योजनाहरु परामर्शदाताको सहयोगमा **PMU** ले छनौट सम्वन्धी फारम भर्दछ । **GSEEP** ले गर्ने लगानीको कार्यान्वयनको नमूना **PMU** ले सामाजिक तथा वातावरणीय छनौट गर्ने कार्य सँगै अगाडी बढाउँछ ।

प्रारम्भिक वातावरण छनौट प्रक्रिया अन्तर्गत वातावरणीय मुद्दाहरू, यसको प्रकृति, विशालता र यसको लगानीमा आउन सक्ने सम्भावित प्रभावहरूको विषयलाई निश्चित गर्दछ । महत्वपूर्ण वातावरणीय तथा सामाजिक मुद्दाहरूको पहिचान गर्ने कार्यको निर्धारण, यसको लगानीको अनुपात, प्रकार, स्थान र गम्भिरताले गर्दछ । संभावित स्थलहरू छनौट प्रक्रिया पार गरे पछि मात्र कार्यक्रमहरु परियोजनामा छनौट हुन्छन । छनौट प्रक्रियाले प्रतिकूल प्रभावको मात्रा र समाजिक लेखाजोखाको तहलाई स्थापित गर्दछ र परियोजनाले सामाजिक योजनाको पहुँचलाई मुख्यरूपमा जोड दिनेछ । साथै हर सम्भव भएसम्म सामाजिक मुद्दालाई न्युनिकरण तथा हटाउने कार्यको सुनिश्चितता गर्नेछ । यस कार्यको लागि स्थान छनौटको योजना बनाउने उपायहरू अपनाउनु पर्ने हुन्छ । यस प्रक्रिया सामाजिक तथा वातावरणीय उत्तरदायित्वलाई मध्यनजर राखेर गर्नुपर्दछ ।

CAMPUS CHIEF
Campus of International Languages

Translated Copy Invalid Unless … Accompanied by the Original Docum…

अनावश्यक पुर्नस्थापनालाई रोक्ने तथा यसलाई न्युनिकरण गर्ने कार्य त्यतिवेला मात्र सम्भव हुनेछ, जतिवेला हामीले लघु योजनाको स्थलगत छनौट गर्ने क्रममा तलका कुराहरूलाई ध्यानमा राखेर कार्य गर्दछौं ।

लैङ्गिक विश्लेषण यो सामाजिक लेखाजोखाको एउटा अभिन्न अंग हो । जसलाई **GSEEP** को लगानीको क्षेत्रमा एउटा सुरक्षा सम्वन्धी लेखाजोखाको एउटा भागको रूपमा लिईन्छ । लेखाजोखा गर्ने अवधिमा पहिचान गरिएका मुद्दाहरूलाई **GSEEP** को लगानीको तयारी अवस्थामा मूल्याङ्कन गरिन्छ भने यसलाई घनीभूतरुपले कार्यक्रम लागू गर्दाको अवस्थामा संवोधन गरिन्छ । प्रत्येक स्थानको लागि वास्तविक कति रकम जरूरत पर्दछ भन्ने कुरा तयारी अवस्थामा थाहा हुँदैन । **EA (IEE/EIA जे होस्)** को कार्यान्वयन सम्वन्धी आर्थिक मापदण्ड **EPA/EPR** को अधिकतम सीमा/मूल्यमा आधारित हुनेछ । यसलाई लिखितरुपमा प्रस्तुत गरिनेछ ।

<u>जानकारी तथा परामर्श सम्वन्धी रूपरेखा</u> :

जानकारी तथा परामर्श रूपरेखाको अभिप्राय सूचनाहरू कसरी कार्यक्रम सञ्चालकहरू तथा यस कार्यक्रमका सेवाग्राहीहरू समक्ष पुऱ्याउने भन्ने हो । साथै **GSEEP** को कार्यान्वयन गर्दा परामर्शहरू तथा जानकारीहरु कसरी सञ्चालन गर्ने भन्ने कुराको जानकारी गराउनु पनि हो । यसको मुख्य अभिप्राय सामाजिक वातावरणीय मुद्दाहरूलाई प्रभावकारी ढंगबाट संवोधन गर्नु हो । यसको लागि परियोजना पारदर्सि र सहभागितामूलक हुनु पर्दछ । जानकारीहरू र सञ्चारको आदान-प्रदान गर्ने पहिलो उत्तरदायित्व **PMU** को हो ।

प्रत्येक संभावित कार्यक्रम स्थलहरूमा लिइने सर्वसाधारणको परामर्श कार्यक्रमको शुरूवात अवस्थामा गरिन्छ । आवाश्यक स्टकहोल्डरहरू यस कार्यका लागि आवश्यक पर्न जान्छन । विशेषत : उनीहरूको आवश्यकता **GSEEP** को लगानीको पहिचान गर्ने समयमा , प्रस्ताव तयारी गर्ने र कार्यान्वयनको समयमा पर्न जान्छ । प्रत्येक स्टक होल्डरहरूले **GSEEP** को योजनाको तयारी र कार्यान्वयन गर्दा एउटा महत्वपूर्ण भूमिका खेल्दछन् ।

परामर्शबाट निस्कने परिणामले संभावित योजना तथा स्टक होल्डरहरूको पहिचान साथै उनीहरूको निश्चित आवश्यकता र चाहनाहरू थाहा पाउन मद्दत पुऱ्याउँछ । स्टक होल्डरहरूको पहिचान, परामर्श, विश्लेषण, परियोजना चक्र भरि

Campus of International Languages

Translated Copy Invalid Unless it is Accompanied by the Original Documer

निरन्तररुपमा जारी रहनेछ । जोखिम समूहलाई विशेषरूपले महत्व दिँदै परामर्श चलाईनेछ । सर्वसाधारणहरूलाई यस बारेको परामर्श उपलब्ध गराईने कार्यमा उत्साहित बनाउने तथा यो योजनाले कुन मुद्दालाई संबोधन गर्नुपर्दछ भन्ने विषयमा उनीहरूको राय लिने वातावरणको सृजना गराइनेछ ।

गुनासा/शिकायत तथा क्षतिपूर्तिको सम्पादन :

गुनासा तथा शिकायतहरूलाई न्युनिकरण गर्न सहभागितामूलक बाटो अपनाईने छ । तर पनि संभावित योजनासंग सम्बन्धित जन गुनासोहरू र क्षतिपूर्ति सम्बन्धी आउन सक्ने अप्ठ्याराहरूलाई समाधान गर्नका लागि एउटा गुनासो शिकायत तथा क्षतिपूर्ति संरचनाको स्थापना गर्नु जरूरत हुन्छ । कुनैपनि क्षतिपर्ति तथा वाधा-विरोध हरूलाई GRC मा सिफारिस गरिनेछ ।

योजना शुरूवात हुने वित्तिकै GRC को स्थापना गर्नु आवश्यक हुन्छ । कार्य स्थल प्रवन्धक र केन्द्रीय PMU अन्तर्गत एउटा गुनासो ईकाईको निर्माण हुनेछ । यसको कार्य गुनासोहरूलाई संकलन गर्ने र GRC मा पठाउने हुनेछ । वातावरणीय तथा सामाजिक मुद्दाहरूमा कुनैपनि परिवार वा व्यक्ति यो योजनाबाट प्रभावित हुन गएमा उनीहरुले सिधै GRC मा गुनासो पुऱ्याउन सक्नेछन् । यस दस्तावेजमा GRC को कार्यहरूको परिकल्पना गरिएका छन् । ति निम्नानुसार छन् ।

(१) यस कार्यक्रमबाट प्रभावित व्यक्तिहरूको हकमा क्षतिपूर्तिको व्यवस्था गर्नु ।

(२) पुनर्स्थापना तथा यससंग सम्वन्धीत कार्यहरूमा सहयोग पुऱ्याउनु ।

(३) GRC ले R & R र व्यक्तिको गुनासोहरूसंग सम्वन्धित मुद्दाहरूको सुनुवाई गर्नेछ ।

(४) GRC ले पिडितहरूको सुनुवाई सकेपछि १५ दिनमा आफ्नो फैसला सुनाउने छ ।

(५) अन्तिम फैसला GRC का अध्यक्ष वा प्रमुखले यसका अन्य सदस्यहको राय सल्लाह लिएर सुनाउनेछन् ।

अनुगमन तथा मूल्याङ्कन :

अनुगमन तथा मूल्याङ्कन प्रणाली संभावित सबै योजनाहरुको लागि आवश्यक छ । साथै सुरक्षसम्वन्धि कार्य र आज्ञापालन M & E कार्यक्रमको एउटा अभिन्न अंग हुने छ । ESMF कार्यान्वयनको सुनिश्चितताको लागि वा आन्तरिक तथा वाह्य दुवै मूल्याङ्कन लाई प्रस्तावित गरिएको छ । अनुगमनलाई सम्भावित कार्यस्थलहरूमा नियमित तथा आवधिक रूपमा कार्यान्वयन गर्ने कार्य PMU केन्द्रीय कार्यालयबाट हुनेछ । साथै यसले

CAMPUS CHIEF
Campus of International Languages

Translated Copy Invalid Unless it's Accompanied by the Original Docum

अनुगमन, यसको परीणाम र कार्यान्वयनको प्रगति जस्ता कृयाकलाप प्रत्येक कार्यस्थलहरूमा केन्द्रीत गर्नेछ । कार्यान्वयनको अवधिमा सभाव्य कार्यस्थलको व्यवस्थापन यस कार्यालयले आफ्नो कार्य प्रतिवेदन नियमितरूपमा २ (दुई) महिनाको एकपटक **PMU** कार्यालय तथा विश्व बैंकमा पेश गर्नेछ । त्यसैगरी आवधिक वाह्य अनुगमनको कार्य स्वतन्त्र परामर्शदाता वा निकायले परिणात्मक र गुणात्मक कायशैली अपनाई सूचनाहरूको समिक्षा तथा स्थल भ्रमण गरी कार्यान्वयन गर्नेछ । **ESMF** को मूल्याङ्कन पद्धति मध्यावधि र अन्तिम अवधिको हुनेछ । साथै दुवै मूल्याङ्कन तेश्रो पक्षिय मुल्याङ्कनको आधारमा हुनुपर्दछ ।

<u>क्षमता अभिवृद्धि</u> :

**NEA** को आफ्नै वातावरणीय तथा सामाजिक अध्ययन विभाग (**ESSD**) हुनुको साथै विश्व बैंकले सञ्चालन गरेका योजनाहरुमा कार्यसञ्चालन गरेको अनुभव पनि यसले संगालेको छ । तर पनि **NEA** अन्तर्गत थुप्रै लघु योजनाहरू कार्यान्वयनका लागि **ESSD** ले दक्ष जनशक्ति अभाव खेपिरहेको छ । त्यसकारण **ESMF** ले **PMU** का सदस्यहरू, सम्भावित कार्ययोजना स्थलका प्रवन्धकहरूका लागि क्षमत अभिवृद्धि कार्यक्रमकहरु संलग्न गरि लागू गरिनेछ ।

क्षमता विकासको लागि तालिमले महत्वपूर्ण भूमिका खेल्दछ । समय-समयमा सान्दर्भिक विभिन्न शीर्षकमा सञ्चालन गरिने तालिमहरूले कर्मचारीहरूमा सकारात्मक परिवर्तन ल्याई उनीहरूको कार्य दक्षताको विकास गर्दछ । सामान्यतया विभिन्न क्षेत्रहरूमा गरिने तालिम जस्तो मानव श्रोतको व्यवस्थापन, सूचना सम्वन्धी व्यवस्थापन सरकारी कार्यक्रम वाहेक वातावरणीय तथा सामाजिक मुद्दाहरू अन्तर्गत विषेश तालिमको जरूरत हुन्छन् ।

परियोजना परामर्शदाताले **PMU** तथा सम्भावित कार्य योजना स्थलहरूका लागि आवश्यक पर्ने तालिमहरूको पहिचान गर्नेछन्, साथै यस प्रकारका तालिमहरु कस्तो ढाँचामा हुनु पर्ने हो भन्ने बारे प्याकेजको रुपमा उपलव्ध गराउने छन् ।

CAMPUS CHIEF
Campus of International Languages